परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २३ २०८२ पुस २० आईतवार Sunday, 4 JAN 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## विराट ट्रेड एक्सपो सम्पन्न
## उद्योगीको समस्या समाधान गर्ने प्रतिवद्धता




विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगर-२ मा लागेको विराट ट्रेड एक्सपो सम्पन्न भएको छ । समापन समारोहकका प्रमुख अतिथि नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिल कुमार सिन्हाले सुनसरी मोरंग औद्योगिक क्षेत्रमा उद्योगि व्यवसायीले भोग्दै आएको समस्यालाई समाधान गर्ने प्रतिवद्धता जनाएका छन् ।

मोरंग उद्योगि व्यपार संगले आयोजना गरेको विराट ट्रेड एक्सपोको शनिवार समापन समारोहलाई सम्वोधन गर्दै मन्त्री सिन्हाले सो प्रतिवद्धता जनाएका थिए । वहाँले भने उद्योगि व्यवसायी हरुको समस्याहरुलाई संघिय सरकार सम्म पुऱ्याएर समस्या समाधन गर्न पहल गर्ने जनाए ।

विराटनगर औद्योगिक क्षेत्रले नेपालकै विकास र समृद्धिमा महत्वपूर्ण योगदान रहेको भन्दै यहाँका समस्यालाई समाधन गर्न नेपाल सरकारले विषेश पहन गर्नु पर्ने वताए । मन्त्री सिन्हालाई मोरंग उद्योग व्यपार संघका अध्यक्ष अनुपम राठीले मोरंगका उद्योगी व्यवसायी हरुको समस्या बारे जानकारी गराएका थिए ।

विराटनगर नेपालकै पहिलो औद्योगिक क्षेत्र भएतापनि औद्योगिक पूर्वाधानरहरुको समुचित विकास सरकारले गर्न नसकेको आरोप लगाउँदै पूर्वाधारहरु नहुनु दुर्भाग्य भएको वताए । कोभिड पछि बन्दा भएका केही आयातजन्य बस्तुहरुलाई पूर्ण रुपमा फुकुवा गर्दै व्यपारीहरुलाई व्यपार गर्न वतावरण निर्माण गरि दिन आग्रह गरेका थिए ।

जेनजी आन्दोलन पछि थाला परिएको व्यवसायलाइृ उकास्न आर्थिक गतिविधी चलायमान वनाउन यस्ता एक्सपोहरु देशभरी हुनुपर्ने भन्दै एक्सपोमा संचालन गरिएको थिमेटिक सेसनको माध्यमबाट नयाँ उद्यमीहरुको विकास र प्रवर्द्धन हुने वताए ।

एक्सपोका संयोजक अमिति कुमार सारडाले जेनजी आन्दोलन पछि भएको एक्सपोमा उत्साह जनक जन सहभागित भएको र अनुमान गरेको भन्दा दुईगुना बढी आर्थिक कारोवार भएको वताए ।

## अंशु गौतम हत्या प्रकरणमा आरोपी करागार चलान

विराटनगर । मोरङको लेटाङ नगरपालिका-२, फडानीकी १३ वर्षीया अंशु गौतमको हत्या प्रकरणमा पक्राउ परेका प्रतिवादी पदम बहादुर अधिकारीलाई मोरङ जिल्ला अदालतले पुर्पक्षका लागि जिल्ला कारागार मोरङ (विराटनगर) चलान गर्ने आदेश दिएको छ । पुस १७ गते थुनछेक आदेश जारी गर्दै अधिकारीलाई कारागार पठाएको छ ।

अंशु गौतम असोज ७ गते घरबाट निस्किएपछि बेपत्ता भएकी थिइन् । परिवार र स्थानीय वासीको सक्रिय खोजीपछि पनि लामो समयसम्म पत्ता नलाग्दा प्रहरी प्रशासनमार्फत खोजतलास जारी थियो ।

लगातार १८ दिनपछि, असोज २४ गते बेलबारी-चिसाङ साझेदारी वन क्षेत्रमा उनको शव क्षतविक्षत अवस्थामा फेला परेको थियो । शव दुई टुक्रामा भेटिएको र अवस्था सडेको रहेकाले घटना अत्यन्त जघन्य रहेको प्रारम्भिक निष्कर्ष निकिएको थियो ।

घटनापछि प्रहरीले डीएनए परीक्षण, फोरेंसिक परीक्षण र भावी प्रमाण संकलनसहित विस्तृत अनुसन्धान अघि बढाएको थियो । सो क्रममा सोही क्षेत्रमा 'बिचारी' भनेर चिनिने पदम बहादुर अधिकारीमाथि शंका गहिरिँदै गएको र फरार रहेका उनलाई प्रहरीले पछ्याइरहेको थियो ।

वांकी अन्तिम पेजमा...

## ८७९ सडक आश्रितको उद्धार

विराटनगर । मानव सेवा आश्रम प्रादेशिक कार्यालय विराटनगरले ८७९ जना सहयोगापेक्षी सडक आश्रितहरु लाई उद्धार गरेका छन् ।

सडक मानवमुक्त राष्ट्र निर्माणको अभियान अर्न्तगत मानव सेवा आश्रमको प्रादेशिक कार्यालय स्थापनाको ६ वर्ष २०७६ भदौ देखि गत असार मसान्त सम्म ८७९ जनाको उद्धार गरिएको तथ्याँक सार्वजनिक गरेको छ । विराटनगरमा आयोजित बार्षिक प्रगति तथा आयव्यय सार्वजनिक तथा सामाजिक लेखापरीक्षण कार्यक्रम सार्वजनिक गरको छ ।

प्रादेशिक कार्यालय विराट नगरका प्रमुख नवराज केसीले ६ वर्षमा ३६८ जनाको पारिवारिक पुनर्मिलन, ३९ जनाको सामुदायिक पुनर्मिलन गराईएको जानकारी गराउँदै उहाँका अनुसार आश्रममा १२१ जना संरक्षणमा रहेका छन् । जसमा १८ वर्ष मुनीका ७ जना, १८ देखि ४० वर्ष उमेर समूहका ३२ जना, ४१ देखि ६० वर्ष उमेर समूहका ४५ जना र ६० वर्ष माथिका ३७ जना रहेका छन् ।

आर्थिक वर्ष २०८१-०८२ मा १२२ जनाको उद्धार गरिएकोमा ३७ जनाको पारिवारिक पुनर्मिलन गराईएको थियो । ३० जनाले स्वेच्छाले आश्रम छाडेका थिए भने १० जनाको सामुदायिक पुर्नस्थापना गरिएको थियो । आश्रममा हाल संरक्षणमा रहेका मध्ये ८० जना मानसिक रोगको नियमित औषधि सेवन गर्नेहरु रहेको प्रमुख केसीले बताउनुभयो । उनीहरुको डा.रञ्जन थापाले नियमित स्वास्थ्य परीक्षण गर्दै आउनु भएको छ ।

०६९ सालमा स्थापना भएको मानव सेवा आश्रमले ७ प्रदेश, २१ जिल्लाहरुका २९ सेवा केन्द्रहरुबाट सेवा दिईरहेको छ । देशभरीका आश्रमहरुमा अहिले २ हजार आश्रित छन् । हालसम्म १३ हजार सहयोगापेक्षी सडक आश्रितहरुको उद्धार गरिएको वताए ।

## सडक लगायतका पूर्वाधार निर्माण
## दीर्घकालसम्म हुने गरी बनाउनु पर्ने : मुख्यमन्त्री

विराटनगर । सडक लगायतका भौतिक पूर्वाधार निर्माण दीर्घकालसम्म हुने गरी बनाउनुपर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।


विराटनगरमा सिमेन्ट उत्पादक संघले आयोजना गरेको कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले हाम्रा पूर्वाधार निर्माण गर्दा बलियो र लामो समयसम्म टिकाउ हुने गरी वनाउनु पर्ने भन्दै साना साना कुरामा लोभिएर दीर्घकालसम्म हुने दिगो विकास गर्न नसकेको चर्चा गरेका थिए ।

उहाँले दिगो विकास गर्नका लागि स्वदेशी कच्चा पदार्थलाई प्रयोग गर्दै दीर्घकालसम्म हुने गरी काम गर्नुपर्ने जेठ लागेपछि पिच बनाउन थाल्ने अनि असार नलाग्दै भत्किने भन्दा सिमेन्टको प्रयोगले लामो समयसम्म टिक्ने सडक पूर्वाधार बनाउनुपर्नेमा उहाँले जोड दिएका थिए । उहाँले भन्नुभयो, जेठमा बनाउने असारमा भत्किने होइन । अब समयमै काम गर्ने र समयमै सिद्धिने गरी काम गर्नुपर्छ ।, कोशी प्रदेश सरकारले प्रदेशकै कच्चा पदार्थ उपयोग गर्ने गरी नीति ल्याउने तयारी गरेको जानकारी दिँदै मुख्यमन्त्री कार्कीले यस वर्षदेखि कर्मचारीलाई पोशाक स्थानीय उत्पादन नै प्रयोग गर्ने तयारी भइरहेको समेत जानकारी दिए ।

संघीय सरकारले तोकेको रकम थप प्रदेश सरकारले रकम दिएर कोशी प्रदेश उत्पादन हुने पोशाक लगाउने नीति चाँडै नै ल्याइने भन्दै उहाँले नकारात्मक भावना त्यागेर सकारात्मक भावना विकास गर्दै विकास निर्माण र समृद्धिमा लाग्नुपर्ने आजको आवश्यकता भएको वताए ।

सो कार्यक्रममा सिमेन्टको प्रयोगबाट निर्माण हुने सडकको टिकाउ र दीर्घकालका विषयमा नेपाल सरकारका पूर्व सचिव अर्जुन जंग थापाले प्रस्तुति गरेका थिए । नेपालमा करिब ६५ वटा

वांकी अन्तिम पेजमा...

आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
नि:शुल्क न्यूरो OPD
समय: १२:00 बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा

■ टाउको दुख्ने, टाउको भारी हुने
■ हात खुट्ट दुख्ने, हात खुट्ट नचल्ने (Paralysis) हुने
■ हात खुट्ट गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
■ हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
■ घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
■ मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
■ खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
■ (प्रष्ट आवाज नआउने)
■ चक्कर लाग्ने, हिड्दा लड्ने
■ मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
■ कुराहरु बिर्सने, बेसुरका कुराहरु गर्ने

डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## सडक...

सिमेन्ट उद्योग भएको र नेपाल क्रमश सिमेन्टमा निर्भर हुँदै विदेश निर्यात गर्ने अवस्थामा पुगिसकेकाले सिमेन्ट उत्पादन बढाएर स्वदेशमा खपत गर्न सके देशले ठूलो लाभ लिने उहाँले जनाकारी गराए ।

नेपाल उद्योग वाणिज्य कोशिका अध्यक्ष संसारभर नै सिमेन्टबाट सडक बनाउने प्रविधि स्थापित हुन थालेको बताउँदै उत्पादन वृद्धि गर्नेमा जोड दिनुपर्ने वताए । कार्यक्रममा कोशी प्रदेश सरकार र स्थानीय तहमा कार्यरत इन्जिनियरहरूको सहभागिता रहेको थियो । सो कार्यक्रममा प्रयोगबाट कसरी टिकाउ र बलियो संरचना र सडक बनाउने विषयमा छलफल र अन्तरक्रिया हुने सिमेन्ट उद्योग संघका निवर्तमान अध्यक्ष ध्रुव थापाले जानकारी दिए ।

## अंशु...

अधिकारी घटना लगत्तै भारतको आसाम तीन सुकिया पुगेको खुलेको थियो । पारिवारिक र प्राविधिक समन्वयपछि उनी घर फर्किएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । अनुसन्धानका क्रममा उनले हँसियाले रेटेर र खुकुरी प्रहार गरी कुकृत्यपछि अंशुको हत्या गरेको स्वीकार गरेको प्रहरी स्रोतले जनाएको छ ।

अंशुका बुबा नवीन गौतमले अधिकारी विरुद्ध किटानी जाहेरी दिएका थिए । त्यसपछि प्रहरीले म्याद थप्दै विस्तृत अनुसन्धान अघि बढाएको थियो । त्यसै क्रममा अदालतले पर्याप्त प्रमाण र तथ्यका आधारमा प्रतिवादीलाई थुनछेक आदेश जारी गरी पुर्पक्षका लागि कारागार चलान गरेकोछ ।




# विकास पोद्दार स्मृति परिषदद्धारा २ छात्रालाइ छात्रवृति प्रदान

विराटनगर । बिकास पोदार स्मृति परिषद कटहरी-४ नयाँबजारले २ जान छात्राहरुलाई उत्कृष्ट छात्रवृति प्रदान गरेको छ ।

परिषदले पोदार स्मृतिको अवसरमा आयोजना गरेको कार्यक्रमका बीच छात्राहरुलाई उत्कृष्ट छात्रवृति शनिवार प्रदान गरेको थियो । परिषदले सेन्ट जोसेफ उच्च माध्यामिक विद्यालय कक्षा १० मा अध्ययनरत शारदा केसीलाई नगद सहित उत्कृष्ट छात्रवृति पुरस्कार प्रदान गरेको थियो । त्यस्तै भगवती आधारभूत विद्यालय कटहरी-४ नयाँबजार की सुकुमारी किस्कुलाई गरिब तथा जेहन्दार पुरस्कार प्रदान गरेको थियो ।




पुरस्कार प्रदान गर्नुहुँदै कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले बिकास पोदार परिषदका लागि पालिकाले भौतिक पूर्वाधार निर्माणका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा परिषदका अध्यक्ष देवानन्द पोदारले बिकास पोदारको जीवनी प्रस्तुत गर्नुहुँदै परिषद मार्फत प्रत्येक वर्ष दुई जान छात्राहरुलाई नगद सहित पुरस्कार प्रदान गर्दै आईरहेको वताए ।

बिकास पोदार बिक्रम सम्वत २०३९ भदौ ७ गते कटहरी-९ नयाँबजार हालको कटहरी-४ मा बुबा देवानन्द पोदार र आमा रेनु पोदारको कोखबाट जन्म भई बिकास अध्ययनका लागि इजराईल पुग्नुभएको थियो । बिकास अचानक बिरामी भएर अल्प आयुमै २०८० साल पौष १२ गते इजराईलमा निधन भएको सुनाउँदै उहाँको निधनले पोदार परिवार मात्र होइन, सारा नेपाली रोएका थिए । बिकासको अनत्यष्ठी पशुपति आर्यघाटमा गरिएको थियो । पोदार परिवारका जेहनदार एक्लो छोरा बिकास पढाईमा निकै अबल हुनुहुन्थ्यो । बिकास पोदार सेन्ट जोसेफ उच्च माध्यामिक विद्यालयमा कक्षा ३ देखि अध्ययनको सुरुवात गरेका थिए ।

बिकासले कक्षा ३ देखि कक्षा १० सम्म प्रथम स्थान हासिल गर्नुभएको थियो । उहाँले एस एल सीमा पनि ९५ प्रतिशत अंक ल्याएर नेपाल टप हुनुभएको थियो । बिकास कक्षा १२ सम्म काठमाण्डौको पेन्टागन कलेजमा अध्ययन गरेको वताए । पोद्दारले कलेजमा पनि उतकृष्ट अंक ल्याएर पास पछि काठमाण्डौकै पुलचोक इन्जिनियरिङ कलेजमा फुल स्कलर सिपमा अध्ययन पुरा गरेका थिए ।

त्यसपछि भारतको हेदरावाद को माईक सप कम्पनीमा काम गर्न थालेको केही वर्षपछि फेरी नेपाल फर्किएर मासर्टस डिग्री गर्नका लागि इजराईल पुगेका थिए । देवको खेला कस्लाई थाह हुन्छ, र ? "आयो टप्प टिप्यो लग्यो" यस्तो अबल विद्यार्थी नेपालको होनहार बिकास पोदार यतिवेला केबल स्मरणमा मात्र सिमित रहेको छ ।

बुबा देवानन्द पोदारले बिकास पोदार स्मृति परिषदको नाममा कटहरी-५ सरदार टोल जाने नेङरा चोकको पिच बाटोमा ६ कट्ठा जग्गा प्रदान गरेको जानकारी गराउँदै संरक्षण गर्न सरोकारवाला सवैलाई उहाँले आग्रह गरेका छन् । कार्यक्रममा परिषदले अतिविपन्न परिवारका १५ जना भन्दा बढीलाई बल्याङकेट समेत वितरण गरिएको आयोजकले जनाएको छ ।



## भाषा, संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं ।

- मौलिक संस्कृतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गरौव गरौं ।
- मातृ भाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खाने कुराको संरक्षण र प्रवर्धन गरौं ।
- महत्वपूण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरूको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रितिरिवाज तथा परम्पराको जानकारी गराऔ ।
- आधुनिकता र प्रविधीसँगै आफ्नो मौलिक परम्परालाई जोगाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,
- मौसमी रूघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन

## सम्पादकीय

# नयाँ दलको पुरानै ढर्रा

भदौ २३ र २४ गते भएको जेनजी यूवा समूहहरुको आन्दालेको बलमा बनेको शुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गतेको लागि घोषणा गरिएको निर्वाचनको नया यूवा जुस जागर भएका र देशको लागि केही गर्ने भन्ने उदेश्यले नयाँ राजनीतिक दलहरु दर्ता भएको छन् । ती दलहरुले पनि पुरानो दलहरु जस्तै समानिुपातिक सुचीमा नातावाद, आफन्तवाद र पूँजीवादलाई प्राथमिकता दिएकोमा यूवाहरु फेरी निराश भएका छन् । संविधानले समावेशिता, समानुपातिकता र प्रतिनिधित्वको सुनिश्चितताका लागि समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेको हो । यसले राजनीतिमा पहुँच नपुगेका महिला, दलित, जनजाति, मधेसी, पिछडिएका क्षेत्र तथा अल्पसंख्यक समुदायलाई मूलधारमा ल्याउने अपेक्षा गरिएको थियो ।

राजनीतिमा परिवर्तनको आशा बोकेर उदाएका नयाँ दलहरूले पारदर्शिता, योग्यता र मूल्य-मान्यताका आधारमा राजनीति गर्ने प्रतिबद्धता जनाएका थिए । तर समानुपातिक सूची सार्वजनिक हुँदा उनीहरूका दाबी र व्यवहारबीच गहिरो अन्तर देखिन थालिएको छ । सूचीमा बारम्बार पार्टी नेतृत्वका नजिकका व्यक्ति, आर्थिक रूपमा सबल वर्ग, चुनाव जित्न नसकेकाहरू वा दलभित्र प्रभावशाली समूहकै वर्चस्व देखिन्छ । यसले समानुपातिक प्रणालीको मर्ममाथि नै प्रश्न उठाएको छ । अझ चिन्ताजनक कुरा के छ भने 'नयाँ' भनेर चिनिएका दलहरू पनि यही पुरानै ढर्रामा फसेका छन् ।

नयाँ दलहरू पनि पुरानै संस्कारको निरन्तरता मात्र बनिरहे भने 'नयाँ' शब्द केवल नारामा सीमित हुनेछ । राजनीतिक सुधार व्यक्ति फेरिएर होइन, प्रणाली र अभ्यास फेरिएर मात्र सम्भव हुन्छ । समानुपातिक सूची तयार गर्दा स्पष्ट मापदण्ड, आन्तरिक लोकतन्त्र, सार्वजनिक सुनुवाइ र जवाफदेहिता अनिवार्य हुनुपर्छ । समानुपातिक प्रणालीलाई स्वार्थको औजार होइन, समावेशी लोकतन्त्रको सशक्त माध्यम बनाउन सक्ने कि नसक्ने भन्ने प्रश्नको उत्तर उनीहरूको भोलि गरीने व्यवहारले दिनेछ ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# समानुपातिक सूचीमा अभिजात वर्गको कब्जा

खिमलाल देवकोटा

- प्रतिनिधिसभा विघटनपछि २१ फागुनका लागि निर्वाचन कार्यक्रम सुरु भई दलहरूले समानुपातिक सूची निर्वाचन आयोगमा पेश गरेका छन्।
- नेपालले जाति, वर्ग, लिङ्ग र क्षेत्रीय वर्चस्व तोड्न समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेको छ, जसले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्छ।
- समानुपातिक प्रणालीमा विकृति, नातावाद र राजनीतिक संरक्षणले प्रतिनिधित्व कमजोर पारेको र सुधारका लागि पार्टी लोकतन्त्रीकरण र कानूनी नियमन आवश्यक छ ।

प्रतिनिधिसभाको विघटनसँगै आगामी २१ फागुनका निम्ति तोकिएको निर्वाचनको कार्यक्रम आरम्भ भएको छ । उम्मेदवार मनोनयनको कार्यक्रम अन्तर्गत दलहरूले समानुपातिक सूची निर्वाचन आयोगमा पेश गरेका छन् । प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरेको नेपालले एक जात, एक वर्ग, एक लिंग र एक क्षेत्रको वर्चस्वलाई तोड्दै सबैको समान प्रतिनिधित्व होस् भन्ने हेतुले समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिएको हो ।

नेपालमा विगतदेखि अवलम्बन गरिंदै आएको प्रत्यक्ष निर्वाचन प्रणालीको सट्टा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्न माग हुँदै आएको थियो । २०६३ सालमा अन्तरिम संविधानदेखि नै संविधान निर्माण गर्ने प्रयोजनका लागि सम्झौता गरिएको विन्दुका रूपमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको हो ।

अन्तरिम संविधानमा ६० प्रतिशत समानुपातिक प्रणाली अवलम्बन गरिएकोमा नयाँ संविधानमा भने ४० प्रतिशत मात्रै समानुपातिक सिट छुट्याइएको छ । समानुपातिक सिट छुट्याउनुको उद्देश्य संसद्मा प्रत्यक्ष चुनाव जित्न नसक्ने वा चुनाव लड्न नचाहने र प्रतिनिधित्व हुन नसकेका वर्ग, जाति र समुदायका मानिसहरूलाई प्रतिनिधित्व गराउने हो ।

नेपालको लोकतन्त्रको यात्रा लामो, कठिन र संघर्षका व्यथा र कथाहरूले भरिएको छ । दश वर्ष लामो सशस्त्र युद्ध र २०६२/६३ को जनआन्दोलनको महत्वपूर्ण उपलब्धि गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी समानुपातिक प्रतिनिधित्व हो । यी चारमध्येको एक उपलब्धिलाई संस्थागत गर्न समानुपातिक निर्वाचन प्रणालीको अवलम्बन गरिएको हो ।

समानुपातिक प्रतिनिधित्व पछाडिको तर्क राज्यसत्तामा वञ्चित भएका समुदायको समेत पहुँच सुनिश्चित गर्नु थियो । सदियौंदेखिको अभिजात वर्गको कब्जाबाट नेपाली समाजलाई मुक्त गरी समावेशिता सहितको लोकतान्त्रिक जवाफदेहिताको शासनमा रूपान्तरण गर्ने बृहत्तर मनसाय यस निर्वाचन प्रणालीको थियो भन्न सकिन्छ ।

### के हो समानुपातिक प्रतिनिधित्व प्रणाली ?

समानुपातिक प्रतिनिधित्व सहितको निर्वाचन प्रणाली परम्परागत रूपमा रहेको प्रत्यक्ष निर्वाचन प्रणालीको विकल्प हो । प्रत्यक्ष प्रणालीमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले जित्छ तर समानुपातिक प्रणालीमा भने प्रत्येक राजनीतिक दलले प्राप्त गरेको मतका आधारमा समावेशिताको सिद्धान्तका आधारमा सिटहरू बाँडफाँड गरिन्छ ।

समानुपातिक प्रणालीको अन्तर्निहित उद्देश्य प्रगतिशील छ । ऐतिहासिक रूपमा भएको बहिष्करणलाई सच्याउनु र जात, जाति, लिङ्ग, धर्म र क्षेत्रीय विभाजनका कारण लामो समयदेखि सीमान्तकृत आवाजहरूलाई शासनमा पहुँच सुनिश्चित गर्नु यसको उद्देश्य हो ।

यस प्रणालीका समर्थक हरूको तर्क छ कि समानुपातिक प्रणालीले मत खेर जान दिंदैन । साना दलहरूको सहित सबै प्रतिनिधित्व हुन नसकेका समुदायको प्रतिनिधित्व बढाउँछ । दलहरूलाई महिला, सीमान्तकृत समुदाय, जातीय समूहहरू र अन्य कम प्रतिनिधित्व भएकाहरूलाई सूचीमा समावेश गर्न दबाब दिन्छ । विविधतालाई प्रोत्साहन गर्छ । र, राज्य मेरो पनि हो भन्ने भावना पैदा गर्छ ।

### नेपालमा समानुपातिक प्रतिनिधित्व प्रणालीको विशेषता

नेपालमा, पूर्ण समानुपातिक प्रणाली अवलम्बन गरिएको छैन । सम्झौताका रूपमा अन्तरिम संविधानमा ६० प्रतिशत समानुपातिक प्रणाली अवलम्बन गरिएको भए पनि नयाँ संविधानमा त्यसलाई घटाएर ४० प्रतिशतमा झारिएको छ ।

नेपालको संविधानले दलहरूलाई आफ्नो समानुपातिक सूचीमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएका क्षेत्र र वर्गका मानिसहरूलाई समावेश गर्न निर्देशन दिएको छ ।

यसको अन्तर्निहित उद्देश्य प्रगतिशील छ । ऐतिहासिक रूपमा भएको बहिष्करणलाई सच्याउनु र जात, जाति, लिङ्ग, धर्म र क्षेत्रीय विभाजनका कारण लामो समयदेखि सीमान्तकृत आवाजहरूलाई शासनमा पहुँच सुनिश्चित गर्नु यसको उद्देश्य हो । पवित्र उद्देश्यका साथ निर्वाचन प्रणालीको डिजाइनमा समावेशिता र लोकतान्त्रिक अभ्यासलाई स्थान दिइएको हो । तर, कार्यान्वयनमा देखा परेको दुरुपयोगले फरक चित्र देखाएको छ ।

समानुपातिक पद खरिद-बिक्री, विविध प्रकारका शोषण, आर्थिक वा भौतिक लेनदेनले राजनीतिलाई बदनाम बनाएको छ । यस प्रकारका विकृतिहरूले प्रणालीको पवित्रतालाई समेत कमजोर पारेको छ ।

विगतका ती गल्ती यसपटक पनि रोकिएनन् । विकृति र विसंगतिका विरुद्धको आवाज भनिएको जेनजी आन्दोलन र सोपश्चात् उदाएका दलहरूले पनि पुरानै दलहरूको प्रवृत्तिको नक्कल गरे ।

समानुपातिक प्रतिनिधित्व प्रणालीमा देखिएका विकृति

प्रत्यक्षको सट्टा समानुपातिक निर्वाचन प्रणाली नयाँ प्रयोग थियो । तर, यसको कार्यान्वयनमा देखा परेको भ्रष्टीकरण अर्को विडम्बना बनेर आयो । समावेशीका नाममा अभिजात वर्गको नियन्त्रण हावी हुन पुग्यो ।

समावेशिताको पवित्र उद्देश्य कार्यान्वयन गर्न दलहरूले नै उम्मेदवारको सूची तयार गर्दछन् । दलले अवलम्बन गरेको सिद्धान्त, विचार र कार्यक्रमका अतिरिक्त यसै सूचीलाई हेरेर मतदाताले मतदान गर्छन् र त्यही मतका आधारमा सिटहरू बाँडफाँड गरिन्छ । यद्यपि, उम्मेदवारको क्रम र निर्वाचित घोषणा गर्ने काम भने तिनै शीर्ष नेताहरूले गर्दछन् ।

नेता वा तिनका विश्वास प्राप्तहरूका नियन्त्रणमा सो सूचीको प्रयोग वा दुरुपयोग हुने गर्दछ । अपारदर्शी निर्णयका कारण निष्ठा, योग्यता, छवि वा प्रतिनिधित्व हुन नसकेको समुदायको वास्तविक प्रतिनिधित्वको सट्टा राजनीतिक निकटता र स्वार्थबाट परिणाम हासिल हुन्छ ।

शक्तिको केन्द्रीकरणले जवाफदेहिता घटाउँछ । देश र जनताका निम्ति प्रतिनिधित्व हैन, आफूलाई अवसर प्रदान गर्ने पार्टीका मालिकहरूको प्रतिनिधि का रूपमा आफूलाई लिन बाध्य हुन्छन् । यसैगरी सार्वजनिक हितको सट्टा अभिजात वर्गप्रति वफादारीलाई प्रोत्साहन गर्छ, लोकतान्त्रिक अभ्यास र परिणामलाई कमजोर बनाउँछ । सीमान्तकृत समूहहरूलाई सशक्त बनाउनुको सट्टा, तिनीहरूका काम-कारबाहीहरू राजनीतिक संरक्षण र वफादारी भिडाएर प्राप्त गर्ने पुरस्कारको साधन बन्छ । सँगसँगै समानुपातिक प्रतिनिधित्व दया वा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका मन्दिरको परिचय

**१. रामजानकी मन्दिर कुशमाहा**

धनपालथान वडा नं. २ कुशमाहा सडकदेखि पश्चिममा रामजानकी मन्दिर रहेको छ। करिब चार कट्ठा जग्गामा फैलिएको रामजानकी मन्दिरको स्थापनाका सम्बन्धमा स्थानीय ६२ वर्षीय रामेश्वर रायले बताए अनुसार २०४८ सालतिर गाउँमा ७२ घण्टा अर्थात तीन दिनको अष्टजाम 'हरेराम हरेकृष्ण' यज्ञ लगाएका थिए। त्यसबाट बचेको रकमले मन्दिर स्थापना गर्ने निर्णय गरिएको हो।



वि.सं.२०५५ मा पुन: अष्टजाम लगाई बचेको रकमबाट सुरुमा बाँस, खर र कर्चीको मन्दिर बनाई माटोले लिपपोत गरेर कृष्णको जन्मोत्सव अर्थात् जन्माष्टमी मनाइएको थियो। त्यस समयमा माटोको राधाकृष्ण मूर्ति बनाई पूजागरिएको र मूर्तिसेलाउने गर्दै आएको स्थानीय ६४ वर्षिय डोमाइ मण्डलले बताए। रामजानकी मन्दिर समितिका सचिव नवीन रायका अनुसार जिल्ला विकास समितिले गरेको २० हजार रूपैयाँ सहयोग र गाउँबासीको सहयोगले मन्दिरको ईंटाको कुर्सीसम्म बनाइएको हो। त्यसपछि धनपालथान गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष स्व. बलराम भगतको पालामा वडाबाट गरिएको १ लाख ५० हजार रूपैयाँ सहयोग र जीवन विकास समाजबाट छड, सिमेन्ट सहयोग प्राप्त गरी छत ढलान गरिएको थियो।

वर्तमान वडा अध्यक्षको पालामा वडाबाट रू.४ लाख सहयोग प्राप्त भएपछि त्यस रूपैयाँबाट मन्दिरमा टायल लगाई राम, सीता, लक्ष्मण र हनुमानको सङ्गमरमरको मूर्ति ल्याई २०८० साल फागुन १५ गते प्राणप्रतिष्ठा गरी स्थापना गरिएको छ। उक्त अवसरमा ७२ घण्टा अर्थात ३ दिन हरिकिर्तन र २४ घण्टा अर्थात एकदिन मानुष यज्ञ अर्थात रामायाण पाठ समेत गरिएको थियो।

राधाकृष्ण मन्दिरमा विवाह पञ्चमी र रामनवमीको दिन विशेष पूजाआजा गर्नुका साथ साप्ताहिक रुपमा मंगलबार पूजापाठ र किर्तन हुने गरेको छ। मन्दिरमा रामेश्वर राय र सुन्दरलाल मण्डलले पूजापाठ गर्दै आएकोमा वि.सं. २०८१ चैतदेखि उग्रानन्द झालाई पुजारी राखिएको छ।

मन्दिर भएको ठाउँको खाल्डोलाई पुर्न धनपालथान गाउँपालिकाका तत्कालीन अध्यक्ष हरिलाल सिंहले रू. १ लाख बजेट बिनियोजन गरी सहयोग गरेका थिए।

**२. बाबा दिनाभद्री मन्दिर (अमाही)**

धनपालथान गाउँपालिका वडा नं. २ को अमाही टोलमा श्री बाबा दिनाभद्री मन्दिर सडकको उत्तरपट्टी दक्षिण मुख फर्केर रहेको छ। चालीस वर्ष पहिले मुसहर समुदायका युवाहरु मिलेर बाँस, कर्ची, पराल र माटोको प्रयोग गरी मन्दिर निर्माण गरेका थिए। उक्त स्थानमा पाँच सात वर्ष पहिले प्रदेश सभा सदस्य माननीय गयानन्द मण्डल र मुसहरु मण्डलले गरेको सहयोग रकम र गाउँटोलबाट उठेको चन्दा (बेहरी) बाट ईंटाको पर्खाल र टिनको छाना हालिदिएर मन्दिर निर्माण गरिएको छ, मन्दिरका अध्यक्ष ६५ वर्षिय जतरु ऋषिदेवले बताए।



**३. काली मन्दिर बरियाती**

धनपालथान गाउँपालिकावडा नं. २ बरियाती टोलको सडकदेखि पूर्व पश्चिम मुख फर्किएको काली मन्दिर रहेको छ।

"म २०५७ सालमा धेरै बिरामी भएँ। त्यसबेला मेरा बुबा रक्सु मण्डल (गनगाई)ले छोरो ठीक भएमा काली मन्दिर निर्माण गरिदिन्छु भनेर भाकल गरेका रहेछन्। पछि म निको भएँ। त्यसको खुशियालीमा बुवाले काली मन्दिर निर्माण गरिदिनु भएको थियो"स्थानीय भागवत मण्डल (गनगाई) ले बताए।

चार धुर सरकारी जग्गामा रहेको सो मन्दिर निजी लगानी र वडा कार्यालयको सहयोगमा बनिरहको छ, निर्माणाधीन अवस्थामा रहेको छ। उक्त मन्दिरमा अहिले दिनहुँ पूजा गर्न मानिसहरु आउँछन्। पूजा गर्दा आवश्यकता अनुसार भाकल पनि गर्दछन्। भाकल पूरा भएपछि पूजापाठ गर्न फेरि फर्किएर आउँने गरेको मन्डलको भनाइ छ। दशैं र तिहारमा फलफूल, मिठाई, पान, सुपारी, केला दही, दुधले वैश्णवी पूजा गर्ने गरेको पाइन्छ।



काली हिन्दू धर्मकी एक प्रमुख देवी हुन्, जसलाई शक्ति (शक्तिको मूर्तरूप), काल (समय) र विनास (अशक्तताको अन्त्य) को प्रतीक मानिन्छ। उनी दुर्गाको एक उग्र रूप पनि हुन्। काली शब्दको अर्थ हो "कालो" वा "समय", र यसैले उनी समय, परिवर्तन, मृत्यु र मुक्ति (मोक्ष) का देवी हुन् भन्ने मान्यता भक्तहरूबीच रही आएको छ।

# नि:शुल्क १६५ जनाको आँखा परिक्षण

विराटनगर। नेपाल बाँतर सरदार समाज कल्याणकारी केन्द्रीय कार्य समितिलको आयोजना र विराटनगर आँखा अस्पताल विराटनगर रानीको सहकार्यमा गरिएको नि:शुल्क आँखा शिविरबाट एक सय ६५ जनाले आँखा परिक्षण गराएका छन्।

मोरङको कटहरी गाउँपालिका -५ मा आयोजित नि:शुल्क आँखा शिविरबाट जेष्ठनागरी र विद्यार्थीहरुले स्वास्थ्य लाभ लिएका हुन्। स्थानीय बाँतर जातीका युवाहरुको सहयोगमा आँखा शिविर सञ्चालन गरेको आयोजकले जनाएको छ। शिविरमा दृष्टि विशेषज्ञ रुकेश कुमार महतो, हुमा जफर, आँखा स्वास्थय कार्यकर्ता श्रवण कुमार माझी, महेश महतो, सूर्य उराउँलगायतको टीमले आँखा जाँच गरेका थिए।

शिविरमा आँखा परिक्षण गरेका माध्ये ४२ जनालाई मोतीबिन्दु भएको आँखा स्वास्थय कार्यकर्ता माझीले वताइन। मोतीबिन्दुभएका बिरामीहरुलाई नि:शुल्क शल्यक्रियाका लागि विराटनगर आँखा अस्पताल विराटनगर रानी पठाएको दृष्टि विशेषज्ञ महतोले जानकारी दिए। आँखामा अन्य समस्या देखिएका बिरामीहरुलाई थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालहरुमा जान उहाँले सुझाव दिएका थिए।

अस्पतालले ग्रामीण क्षेत्रका अतिविपन्नहरुको पहिचान गरेर नि:शुल्क आँखा शिविर गरेर मानववीय काम गरेरको नेपाल बाँतर सरदार समाज कल्याण कारी केन्द्रीय कार्य समितिलका सह-अध्यक्ष सुभाष सरदार र महासचिव पदमकुमार सरदार सल्लाहाकार मोहनलाल सरदार, कटहरी गाउँपालिका की निवर्तमान उपाध्यक्ष मन्जिता कुमारी सरदार, कार्यपालिका सदस्य ममता सरदार, केन्द्रीय विरेन्द्र कुमार सरदार, मोरङ जिल्ला कोषाध्यक्ष सुनिता सरदार लगायतले अस्पताल परिवार लाई धन्यवाद दिएका थिए।

# मकालु टेलिभिजनका पत्रकार सरदार सम्मानित

विराटनगर। मोरंग कार्यक्षेत्र बनाएर पत्रकारिता गरि रहेका मकालु टेलिभिजन विराटनगरका सक्रिय पत्रकार पदमकुमार सरदार नगद सहित सम्मानित भएका छन्।

ग्रामथानमा जेष्ठ नागरिक साझा चौतारी सेवा समाज नेपाल ग्रामथान गाउँपालिका-२ भौरीहाटको १० औं वार्षिक साधारण सभाका बीच पत्रकार सरदार सम्मानित भएको छ। सरदारलाई पत्रकारिता र सामाजिक क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै सम्मानित गरेको जेष्ठ नागरिक साझा चौतारी सेवा समाज नेपालका अध्यक्ष कमलप्रसाद भट्टराईले बताए।

कार्यक्रममा कक्षा १२ मा उत्कृष्ट अंक ल्याएर नेपाल प्रथम गरेकी छात्रा पूर्णिमा खतिवडा लगायत ग्रामथानकी आर्दश बुहाहरी दुर्गादेवी बजगाई, आसोदेवी माझी, सुशिला कुमारी चौधरी, सहित जेष्ठ नागरिहरुलाई दोसला र कदर पत्रले सम्मान गरेका थिए।

१० औं वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुँदै प्रतिनिधि सभाका पूर्वसभा सदस्य अमनलाल मोदी र प्रदेश सभाका सभा सदस्य जयप्रकाश चौधरी र ललिता कुमारी चौधरीले सममानीत व्यक्तीहरुलाई शुभकामना व्यक्त गरेका थिए। पूर्व प्रतिनिधी सभासदस्य मोदीले जेष्ठ नागरिक भवन निर्माणका लागि सहयोग गर्ने प्रतिवद्धता समेत जनाएका थिए।

ग्रामथान-५ कखरमारीमा जेष्ठनागरिक भवन निर्माणधिन रहेको छ। कार्यक्रममा जेष्ठनागरिकहरुको उल्लेखनीय सहभागीता रहेको थियो।


खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु
- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

# विराट ट्रेड एक्सपोमा सीप प्रमाणीकरणदेखि रोजगारी सम्मको प्रयास

विराटनगर । मोरङ उद्योग व्यापार संघको आयोजनामा सञ्चालन भइरहेको विराट एक्स्पो अन्तर्गत बिहीबार 'सीप प्रमाणीकरणदेखि रोजगारीसम्म' विषयमा विशेष छलफल भएको छ । एक्स्पो अवधिभर उद्योग, व्यवसाय र श्रम बजारसँग सम्बन्धित विविध समसामयिक विषयमा दैनिक छलफल भइरहेका छन् ।

कार्यक्रममा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयकी शैक्षिक योजना महाशाखाकी उपसचिव लक्ष्मी न्यौपाने, सिटिईभिटी इटहरीका सह-निर्देशक दुर्गा प्रसाद ओझा, नेपाल विद्युत प्राधिकरण कोशी प्रदेशका सहायक निर्देशक नवीन कुमार श्रेष्ठ, मोरङ उद्योग व्यापार संघकी कार्यकारी सदस्य डा. बन्दना जैन तथा सगरमाथा ग्रामेन्ट्सकी ग्रामेन्ट फ्याब्रिकेटर ललिता श्रेष्ठ सहभागी थिए । कार्यक्रमको सहजीकरण नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना (दोस्रो चरण) का अनुगमन तथा नतिजा मापन विशेषज्ञ प्रेमकुमार मग्रातीले गरेका थिए ।

छलफलमा सिटिईभिटी इटहरीका सह-निर्देशक दुर्गा प्रसाद ओझाले सिटिईभिटीले विभिन्न सीप विकास कार्यक्रममार्फत दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको जानकारी गराए । उनले एचए, स्टाफ नर्स, सब-ओभरसियर जस्ता मध्यम तथा निम्न तहका प्राविधिक जनशक्ति उत्पादनमा सिटिईभिटीको योगदान महत्वपूर्ण रहेको बताए ।

गत वर्षदेखि औद्योगिक प्रशिक्षार्थी, होटल म्यानेजमेन्ट लगायतका कार्यक्रम थप गरिएको उल्लेख गर्दै ओझाले उत्पादन र सेवा क्षेत्रमा रियल वर्क गरेपछि मात्र अध्ययन पूरा हुने मोडेल लागू गरिएको बताए । "यसले उद्योगलाई आवश्यक जनशक्ति सहजै उपलब्ध गराउन सहयोग पुऱ्याउँछ," उनले भने ।

मोरङ उद्योग व्यापार संघकी कार्यकारी सदस्य डा. बन्दना जैनले बजारमा सीपयुक्त जनशक्तिको अभाव रहेको उल्लेख गरिन् । "विद्यार्थीले काम नपाएको गुनासो गर्छन्, उद्योगले आवश्यक जनशक्ति नपाएको भन्छ-यो स्पष्ट विरोधाभास हो," उनले भनिन् ।

उनले सर्टिफिकेट मात्र नभई स्किल, नलेज र एटिच्युड समान रूपमा महत्वपूर्ण हुने बताउँदै धेरै उद्योगीहरू बाध्य भएर बाहिरबाट जनशक्ति ल्याउनुपर्ने अवस्थामा पुगेको उल्लेख गरिन् । नयाँ जनशक्तिलाई उद्योगमै तालिम दिएर पारिश्रमिक समेत उपलब्ध गराउँदा पनि सीप सिकेपछि काम छाड्ने प्रवृत्ति रहेको गुनासो पनि जैनले व्यक्त गरिन् ।

नेपाल विद्युत प्राधिकरण कोशी प्रदेशका सहायक निर्देशक नवीन कुमार श्रेष्ठले विद्युत उत्पादन, प्रसारण र वितरण क्षेत्रमा ६२ प्रतिशतभन्दा बढी प्राविधिक जनशक्ति आवश्यक पर्ने बताए । प्राविधिक कर्मचारीहरु प्रायजसो सिटिईभिटीबाट नै प्राप्त हुने बताउँदै भने,"फिल्डबेसमा काम गर्ने कर्मचारीहरु विज्ञापन मार्फत लेभल १, २ र ३ तथा त्यसमाथिका आपूर्ति हुने गरेका छन् ।" इलेक्ट्रिसियन, पलम्बिङ आदिमा आपूर्ति हुँदै आएको र प्राधिकरणले स्नातक लेभलका मात्र राख्न शुरु गरिएको बताए । तीन वर्षे डिप्लोमा लिने गरेको र सहायक लेभलमा पाँचौ तथा त्यसमाथि इन्जिनियरिङका जनशक्ति आउन थालेको जानकारी दिए ।

प्राधिकरण अटोमेसन र डिजिटल प्रणालीमा गइसकेकाले प्राविधिक जनशक्तिको सीप पनि परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याउँदै श्रेष्ठले भने, "अबको शिक्षा प्रणाली दक्ष र प्रविधिमैत्री जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्छ ।"

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयकी उपसचिव लक्ष्मी न्यौपानेले प्रदेश तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाअन्तर्गत तीनवटा सीप परियोजना सञ्चालनमा रहेको जानकारी दिइन् । युवालाई लक्षित गरी गुणस्तरीय प्राविधिक तालिम कार्यक्रम सञ्चालन गरिएको बताउँदै उनले २४ महिनेमध्ये केही अवधि तलबसहित र बाँकी सिकाइमा केन्द्रित तालिम मोडेल रहेको उल्लेख गरिन् ।

सीप प्रमाणीकरण सिटिईभटीसँगको समन्वयमा भइरहेको र वैदेशिक रोजगारीमा जाने युवालाई पनि सीपयुक्त बनाएर पठाउने उद्देश्य मन्त्रालयको रहेको बताइन्। सिटिईभिटी प्रदेश सरकार मातहत आए थप काम गर्न सकिने उनको भनाई थियो ।

कार्यक्रममा सगरमाथा ग्रामेन्ट्सकी ग्रामेन्ट फ्याब्रिकेटर ललिता श्रेष्ठले आफ्नो अनुभव सुनाइन्। गार्मेन्टमा हेल्परका रूपमा काम गर्दै तीन महिने तालिम पूरा गरेपछि सीप परीक्षणमार्फत प्रमाणपत्र प्राप्त गरेको बताउँदै उनले भनिन्, "सीप परीक्षणपछि म सुपरभाइजर बनेँ, आफ्नो सीप नगरपालिका स्तरमै दर्ता पनि गराएँ ।"

प्रमाणपत्र मात्र नभई प्रमाणित सीपअनुसार काम गरेको हुनुपर्नेमा जोड दिइन्। सहभागीले स्थानीय तहमा समेत सीप भएकाहरुलाई रोजगारीको प्रबन्ध गरिनुपर्ने सुझाव दिएका थिए ।

# उद्योगको मागअनुसार सीप विकासमा जोड

विराटनगर । विराट एक्स्पोमा आयोजना भईरहेको थिमेटिक सेसनमा विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले उद्योगको आवश्यकता र श्रम बजारको मागअनुसार सीप विकास गर्नुपर्नेमा जोड दिएका छन् ।

उनले सीप विकास कुनै एक कार्यक्रमको एजेन्डा मात्र नभई युवाको भविष्य, रोजगारी र सामाजिक उत्तरदायित्वसँग जोडिएको साझा विषय भएको बताए ।

औद्योगिक शहरको पहिचान बोकेको विराटनगरमा उद्योग-व्यवसाय विस्तार भइरहे पनि दक्ष जनशक्तिको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको मेयर कोइरालाको भनाइ छ । "एकातिर उद्योगले दक्ष कामदार खोजिरहेका छन्, अर्कोतिर युवा रोजगारीका लागि विदेशिन बाध्य छन्," उनले भने, "सीप विकास र रोजगारी सिर्जना बीचको यो असन्तुलनले औद्योगिक विस्तारमै असर पुऱ्याएको छ ।"

स्थानीय सरकार तालिम बाँड्ने निकाय मात्र नभई युवालाई रोजगारीसँग जोड्ने सेतु बन्नुपर्ने उल्लेख गर्दै मेयर कोइरालाले महानगरपालिकाले सीप विकासलाई दीर्घकालीन रणनीतिक प्राथमिकतामा राख्ने स्पष्ट पारे। "उद्योगसँग तादात्म्य नमिलेका तालिमले अपेक्षित उपलब्धि दिन सक्दैनन्," उनले भने, "सीप विकासमा गरिने लगानी खर्च होइन, यो भविष्यका लागि लगानी हो ।"

उनका अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नयाँ अवधारणा अनुसार उद्योगले चाहेको सीपको परीक्षण गरिनेछ र महानगरपालिका समन्वयात्मक भूमिकामा पूर्ण प्रतिबद्ध रहनेछ । महानगरले सीपलाई प्रत्यक्ष रोजगारीमा रूपान्तरण गर्ने दिशामा काम गर्ने तयारीसमेत गरेको छ ।

कार्यक्रममा टिभेटमा निजी क्षेत्रको भूमिकाबारे सगरमाथा आइल्याबले प्रस्तुति दिएको थियो । सहभागीहरूले टिभेटको उद्देश्य केवल प्रमाणपत्र वितरण नभई उत्पादन वृद्धि गर्ने र उद्योगलाई आवश्यक जनशक्ति तयार गर्नु हुनुपर्नेमा जोड दिए। टिभेटसम्बन्धी शैक्षिक संस्था बढ्दै जाँदा उद्यम विकासमा समेत सकारात्मक योगदान पुग्ने उनीहरूको भनाइ थियो।

सहभागीहरूले श्रम बजारको वास्तविक माग पहिचान गर्न नसक्दा समस्या आएको उल्लेख गर्दै १० वर्षअघिका पाठ्यक्रम अझै पढाइ भइरहेकोतर्फ ध्यानाकर्षण गराए । पछिल्लो समय डिजिटल मार्केटिङ जस्ता नयाँ सीपको माग तीव्र रूपमा बढिरहेको उल्लेख गर्दै उद्योग र शैक्षिक संस्थाबीच सहकार्य आवश्यक रहेको उनीहरूको निष्कर्ष थियो ।

उद्योगले कस्तो जनशक्ति चाहिएको हो भन्ने जानकारी शैक्षिक संस्थालाई दिएपछि त्यसअनुसार पाठ्यक्रम र सामग्री विकास गर्न सकिने सहभागीहरूले बताए ।

# आईडिया पिच व्यवसाय सुरु गर्न संघको सहजीकरण

विराटनगर । मोरङ व्यापार संघको आयोजनामा संचालन भईरहेको विराट एक्स्पोमा स्टार्ट अप आईडिया पिच गरिएको छ । मंगलबार सातवटा आईडिएटरले आफ्ना आईडिया पिच गरेका छन् ।

मंगलबारको स्टार्ट अप आईडिया पिच छलफलको प्रमुख अतिथि कोशी प्रदेश सरकारका आर्थिक सल्लाहकार मोहन सुवेदीले स्टार्टअप इकोसिस्ट महत्वपूर्ण भएको बताए । वहाँले भने कुन दशकमा कुन व्यवसाय भन्ने कुरा हुँदै आएको छ । नयाँ नयाँ आइडियाले व्यवसायको रुप लिने भन्दै उनले ठूलाठूला र सफल भएका उद्यम सानो विचारबाट शुरु हुने बताए । उनले भने,"नेपालमा समेत व्यवसायिक सफलता सानो प्रयासबाटै शुरु भएको देखिन्छ । यसबाट नै उद्यमशीलताको विकास हुने हो ।" पूँजीको अभावलाई समेत चिर्न सकिने भन्दै सुवेदीले अर्कोले जोखिम लिईसकेपछि प्रवेश गर्नुभन्दा आफै शुरुवात गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा खजुरीको कम्पनीका अध्यक्ष जगन्नाथ महर्जनले प्रस्तुति दिएका थिए ।

कार्यक्रममा मोरङका रेवती दाहालले हलो एग्री प्रा.लि.को कन्सेप्ट प्रस्तुत गरेका थिए । खाद्य आपूर्ति गर्ने उद्देश्यसाथ उपभोक्ता परिवारलाई सबै खाद्य सामग्री आपूर्ति गर्ने आइडिया उनले पिच गरे । पाँच वर्षमा देशका सबै महानगरपालिकामा विस्तार गर्ने लक्ष्य रहेको दाहालले बताए ।

इलाम सूर्योदयका प्रमोद सापकोटा ग्रिन इनोभेसनमा आधारित पोलिएका रातो इँटालाई विस्थापित गर्ने प्रविधिबारे जानकारी गराए । वातावरण मैत्री इँटा बालुवा तथा माटो प्रयोग गरेर बनाइने उनले बताए । विराटनगरका ऋषि माहेश्वरीले खाद्यान्न सम्बन्धी आफ्नो गफसप ब्रान्डको विषयमा आफ्नो प्रस्तुति दिएका थिए ।

झापाका सिमन ताजपुरिया गुरुकुल पुस्तकालय डटकम नाममा आफ्नो आईडिया पिच गरेका थिए । विद्यार्थीले प्रयोग गरेका पुराना र खेर जाने पुस्तकहरु पुनः प्रयोग गर्ने उनले प्रस्तुति दिए । यो किताब प्रेमीहरुलाई पुस्तक बेच्ने प्लेटफर्म हो ।

मोरङका भिजन प्रताप खत्रीले एग्रिकल्चर सम्बन्धी आफ्नो प्रस्तुति दिएका थिए । मोरङका सुगन्ध रेग्मी फुड एन्ड वेभरेज सम्बन्धी प्रस्तुति दिए । विज्ञान घिमिरेले स्वाद मित्रताको अड्डा नामक भेइकल फुडको आईडिया पिच गरेका थिए ।

विज्ञान घिमिरे र सुमन कुमार शर्माले नर्सिङ पढाईका लागि सम्पूर्ण पाठ्य सामग्री उपलब्ध हुने एआईमा आधारित नयाँ कम्प्युटर एप्लिकेसनसँग सम्बन्धित आईडिया शेयर गरेका थिए ।

मोरङ उद्योग व्यापार संघले आह्वान गरेअनुसार कोशी प्रदेशका १० जिल्लाबाट ५२ वटा आईडिया प्राप्त भएकोमा उत्कृष्ट २५ मध्येबाट १५ जना छनोट भएका थिए । प्राप्त आईडियाहरु मध्ये गानीकर्तासँग साक्षात्कार गराउने उद्देश्य रहेको संघका अध्यक्ष अनुपम राठीले जानकारी दिए । यसको सहजीकरण आईडिया स्टुडियोले गरेको थियो ।

जगन्नाथ महर्जनले आफूले बिजनेस गर्दाको अनुभव शेयर गर्दा नयाँ पुस्तालाई त्यसले फाइदा पुग्नसक्ने अपेक्षा गरेको बताउँदै भने,"चीन र भारतको सफलता स्टार्ट अपको विषयमा लिएको नीतिकै कारणले हो ।" सरकार आफैंले स्टार्ट अपहरुलई फन्डिङ गरेर जसलाई चाहिएको हो त्यसलाई नै सहयोग पुग्ने गरेको बताए ।

भारतले समेत स्टार्ट अप जोनहरु संचालन गरेर खर्बौं रुपैयाँ लगानी गरेको दृष्टान्त सुनाउँदै नेपालमा सरकारले गरेको फन्ड निकै न्यून भएको र नीतिगत समस्या पनि रहेको सुनाए । वि.सं २०४० तिर घरमा सानो बेकरीको रुपमा खजुरीको शुरु भएको स्मरण गर्दै उनले आफू जन्मिएको चापाँगाउँमा कच्चीबाटो रहेको बिजुलीसमेत नभएको भन्दै दुर्गम काठमाडौबाट व्यापार शुरु गरेको बताए ।

उत्कृष्ट र सम्भावनायुक्त आईडियालाई व्यवसाय शुरु गर्न सहकार्य तथा सहजीकरण गर्दै संघले ब्रिजिङ गर्नेछ । रोजगारी सिजर्ना र आर्थिक वृद्धिका लागि यो महत्वपूर्ण पहल हुने मोरङ उद्योग व्यापार संघले जनाएको छ ।

आईडिया स्टुडियोका डाइरेक्टर अफ बिजनेस डेभलपमेन्ट अनिल बस्नेतले देशभरबाट आईडिया संकलन गरेर उत्कृष्टलाई व्यवसायको चरणसम्म लैजन सहयोग गर्दै आएको जानकारी दिए । उद्यमशीलतासँगै रोजगारी बढाउन मद्दत गर्दै आएको सुनाए ।

स्टार्ट अप आईडिया पिच निर्णायकमा मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी, खजुरीको कम्पनीका अध्यक्ष जगन्नाथ महर्जन, संघका उपाध्यक्ष अनिल शारडा, कोशी प्रदेश सरकारका आर्थिक सल्लाहकार डा. मोहन सुवेदी र पूर्वाञ्चल विश्व विद्यालय व्यवस्थापन संकायका डिन डा.सन्देशदास श्रेष्ठ रहेका थिए ।

कार्यक्रम अध्यक्ष अनुपम राठीले बिजनेस इकोसिस्टमको विकास गर्न यस किसिमको छलफल आयोजना गरिएको बताए । उनले भने,"व्यावसायिक यात्राका कठिनाईसँग जुध्दै सरकारलाई नीतिगत सुधारका लागि ध्यानाकर्षण गर्न पहल थालिएको हो ।"


## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्वन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

*वडा अध्यक्ष : काजी बहादुर बस्नेत*

१ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



## समानुपातिक...

भिखका रूपमा परिणत हुन्छ ।

दलित, महिला र सीमान्तकृत समुदायहरूका लागि संविधानतः संरक्षणको व्यवस्था छ । यस्तो व्यवस्थाका बावजुद, धेरै दलहरूले अनुपातिक हैन, केवल देखावटी अभ्यास गर्न रुचाउँछन् । तिनीहरूले प्रतिनिधित्व नभएका समूहका उम्मेदवारलाई लोकको लाज बचाउन समानुपातिक सूचीमा राख्छन् र जित्ने सम्भावना क्षीण भएको स्थानमा पारिदिन्छन् ।

उदाहरणका लागि हिजो सर्वाधिक धनाढ्यहरू पार्टी फेरी-फेरी सूचीमा पर्ने, आज वरीयताका दोस्रो नेता सहित पटक-पटक लाभको पद पुगेकाहरूलाई नै समानुपातिक सूचीमा राख्ने कुरा सँगसँगै जायज वा नाजायज सम्बन्ध भएका भनिएका पात्रहरू यो सूचीको रोजाइमा पर्ने कृत्य यस प्रणालीप्रतिको व्यङ्ग्य हो ।

समावेशीकरणको भद्दा मजाक वा देखावटी सतही पालनले संवैधानिक अभिप्रायलाई कमजोर बनाउँछ र अर्थपूर्ण प्रतिनिधित्व विना विविधताको नक्कली स्वरुप मात्र सिर्जना गर्दछ । नेपालको सन्दर्भमा यस अघिदेखि हुँदै आएको यो अभ्यास यसपटक पनि दोहोरियो मात्रै हैन, नयाँ भन्ने दलहरूले पनि पुरानालाई उछिन्ने गरी अभ्यास गरेको देखियो ।

नातावाद र राजनीतिक संरक्षण सहित पारिवारिक सम्बन्ध, व्यक्तिगत वफादारी र संरक्षण जस्ता सञ्जालहरूले समानुपातिक सूचीमा प्रभुत्व जमाउँछन् । आलोचकहरूले भन्ने गरेको राजनीतिक वफादारिताका लागि पुरस्कारका रूपमा यस्ता सिटहरूको बाँडफाँड हुने गर्दछन् देश र जनताको सेवाका लागि हैन भन्ने भनाइ नै पुष्टि हुने गरेको छ ।

समानुपातिक सांसदहरू सांसद हुने, सांसदको भूमिका निर्वाह गर्ने योग्यता वा जनताको समर्थन भने प्राप्त गर्न सक्दैनन् । पार्टीका नेताहरूप्रतिको वफादारिता वा उनको आर्थिक वा भौतिक वा अन्य आवश्यकता पूरा गरिदिने योग्यता भने मज्जाले राख्दछन् ।

लामो समयदेखि पार्टी कार्यकर्ताहरूका रूपमा नेताका नजिकका नातागोताका मानिस वा आफन्त हुन् र नेतृत्वप्रति वफादारिता प्रदर्शन मज्जैले गरेका छन्, उनैले त्यो अवसर पाउने गरेको विगत यसपटक पनि दोहोरिने पक्का भएको छ ।

राजनीतिक वंशवाद पुनः स्थापित हुँदैछ । वास्तविक सामाजिक परिवर्तनका अभियन्ताहरूका लागि यस्ता अवसरहरू उपलब्ध छैनन् । नीतिगत नवीनता र नेतृत्वमा अवसर दुवै छैन । यस्तो नातावादले जनताको विश्वासलाई कमजोर बनाउँछ र समानुपातिक प्रणालीलाई अभिजात वर्गको स्वार्थ सिद्ध गर्ने साधनमा मात्रै कामयावी भएको छ भन्ने स्थापित होला कि भन्ने चिन्ता उब्जाएको छ ।

समानुपातिक प्रणालीको दुरुपयोगको यो शृंखलाले विवादास्पद छवि भएका व्यक्तिहरूका लागि प्रत्यक्ष निर्वाचन कष्टसाध्य हुने भएका कारणले र निर्वाचन जित्न नसक्ने भएका कारणले समेत यो सहज बाटो रोज्ने गरेका उदाहरणमा यसपटक पनि कमी भएन । दलहरूले गर्ने यस्ता अभ्यासले गम्भीर नैतिक र लोकतन्त्रप्रतिको लाञ्छना लगाउने चिन्ताहरू झन् बढाउँछन् ।

जब सीमान्तकृत समूहलाई औपचारिक रूपमा मात्र समावेश गरिन्छ, अर्थपूर्ण नीतिगत बहसमा तिनीहरूको आवाज सुनिंदैन, सार्वजनिक पद वफादारीका लागि पुरस्कार बन्छ । राजनीतिक प्रतिस्पर्धा वैचारिक प्रतिस्पर्धाको सट्टा लेनदेनवादमा डुब्छ ।

जनतासँगको सम्बन्ध कमजोर हुने अर्को चिन्ताको विषय हो । समानुपातिक प्रणालीका कारण विविधताको प्रतिनिधित्व गर्छ । तर नेपालको अभ्यासले मतदाताहरू बीच बलियो जवाफदेहिता सहितको सम्बन्धको अभाव छ । उनीहरू जनताप्रति हैन, आफूलाई नियुक्त गर्ने दलहरूप्रति मात्रै जिम्मेवार छन् । निर्वाचन क्षेत्रका जनतासँग र स्थानीय सरोकारहरू बीचको सम्बन्ध विच्छेद जस्तै हुन्छ । चुनावी जवाफदेहिता कमी त हुँदै हो, यो प्रत्यक्ष सम्बन्ध विना, जनताले यस्ता प्रतिनिधिहरूलाई जनताको हितको प्रतिनिधिको सट्टा भिन्नै राजनीतिक अभिजात वर्गको प्रत्यक्ष पहुँचमा रहेको प्रतिनिधिका रूपमा बुझ्छन् ।

नेपालको अस्थिर राजनीतिक दलमा आउने टुटफुटले पनि यो प्रणालीलाई विकृत पारेको छ । दलहरू विभाजित हुन्छन्, संसद्मा यसको प्रभाव देखा पर्दछ । नेताहरूले गुटको हित रक्षार्थ प्रतिद्वन्द्वीहरूलाई दण्डित गर्न पनि उनीहरूको दुरुपयोग गर्दछन् । यसले सिट बाँडफाँड विवाद, कानूनी लडाइँ र मतदातामा भ्रम निम्त्याउँछ ।

यस प्रकारको अस्थिरताले यो प्रणालीको पवित्रता र निष्पक्षतालाई कमजोर बनाउँछ । राजनैतिक अस्थिरताको दोष समानुपातिक प्रणालीलाई नै थोपर्ने काम समेत हुने गर्दछ । जबकि समानुपातिक सांसदहरूको निर्णयमा नै भूमिका रहँदैन भने उनीहरूले राजनैतिक अस्थिरता सिर्जना गर्न सक्दैनन् ।

पारदर्शिता र सार्वजनिक जाँचको अभाव यो प्रणाली प्रतिको नकारात्मक धारणा सिर्जना गर्ने अर्को आधार हो । बन्द कोठामा गरिने निर्णयहरूले विशिष्ट व्यक्तिहरूलाई छानिन्छ भन्ने विश्वास दिलाउँदैन, बरु आशंकालाई ठाउँ र निन्दालाई जन्म दिन्छ । गलत अभ्यासहरूलाई प्रोत्साहन दिन्छ । अनि भन्ने गरिन्छ कि सांसदहरू वस्तुसरह खरिद-बिक्री हुन्छन् ।

जब छनोटको माध्यम अनौपचारिक र नाजायज सम्झौतालाई बनाइन्छ, राजनीतिमा सौदाबाजीको स्थान हुन्छ । यस्ता दुर्व्यवहारयुक्त अभ्यासको परिणाम प्रक्रियागत त्रुटि मात्र हैन, लोकतान्त्रिक वैधताको मूल्यमान्यतामाथि नै प्रहारको कारण र साधन बन्न पुग्छ । जब जनप्रतिनिधित्वको मूल्यका सट्टा मोलमोलाइका आधारमा छनोट गरिन्छ, लोकतन्त्र कमजोर हुन्छ ।

जब सीमान्तकृत समूहलाई औपचारिक रूपमा मात्र समावेश गरिन्छ, अर्थपूर्ण नीतिगत बहसमा तिनीहरूको आवाज सुनिंदैन, सार्वजनिक पद वफादारीका लागि पुरस्कार बन्छ । राजनीतिक प्रतिस्पर्धा वैचारिक प्रतिस्पर्धाको सट्टा लेनदेनवादमा डुब्छ ।

यस्तो विकृति र विसंगति नेपालको राजनीतिक संस्कृतिका रूपमा विकसित हुँदै गइरहेको छ भन्ने कुरा यसपटकको अभ्यासले झन् पुष्टि गरिदिएको छ ।

सुधारको बाटो

यस्ता विकृति र विसंगतिलाई अन्त्य गर्न निकै साहसिक कदमको जरुरत पर्दछ । यसका लागि-

पहिलो, पार्टीको लोकतन्त्रीकरण नै हो । राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्र बलियो भयो भने पार्टीका हरेक निर्णय पारदर्शी हुन्छन्, नेता-कार्यकर्ताको निर्णय र क्षमताको समीक्षा हुन्छ, तब अभिजात वर्गको प्रभुत्व स्वतः कम गर्न सकिन्छ ।

र, दोस्रो- देखावटीका विरुद्ध वास्तविक प्रतिनिधित्वको कानूनी बाध्यात्मक व्यवस्था अर्को उपाय हो । वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन आयोगलाई मापदण्डमा आधारित अख्तियारी दिन सक्नुपर्छ । समावेशीकरणको भावनालाई उल्लङ्घन गर्ने र नाममात्रको समावेशीकरणलाई रोक्नका लागि समानुपातिक सूचीलाई नियमन गर्न सकिन्छ ।

सार्वजनिक सुनुवाइ, परामर्श वा प्राइमरी इलेक्सनहरूले प्रक्रियामा जवाफदेहिता र सार्वजनिक वैधतालाई हासिल गर्न मद्दत गर्दछ । जवाफदेहिता संयन्त्रहरूलाई बलियो बनाउनुबाहेक अर्को कुनै विकल्प छैन ।

निष्कर्ष

समानुपातिक प्रतिनिधित्व प्रणालीले समावेशी, समतामूलक लोकतन्त्रको माग गर्दछ । तर, राजनीतिक विकृति र विसंगतिहरूले अभिजात वर्गको कब्जा र नातावाद, कृपावादसम्मले त्यो समावेशिताप्रति आन्दोलन र आन्दोलनरत दलहरूको प्रतिबद्धतालाई व्यङ्ग्य गर्दै अभिजात वर्गको सेवा गर्ने प्रणालीमा विकृत पारेको अवस्था छ ।

लोकतन्त्र फस्टाउनका लागि प्रतिनिधित्व कागजमा होइन; वर्ग, जाति, लिङ्ग समुदाय सहितको सीमान्तकृत आवाजहरूलाई सशक्त बनाउने वास्तविक मार्ग हुनुपर्छ । आजको चुनौती भनेको यो प्रणाली आफैंमा खराब हैन । यसको अभ्यासको विद्रुपीकरण हो ।

यसै कारण जो साँचो अर्थमा समावेशिताका पक्षमा छैन, उसैले यसको अभ्यासलाई आधार बनाएर यस प्रणालीको खारेजीको वकालत गर्ने राम्रो अवसर छोपिरहेको छ । यसतर्फ बेलैमा सचेत हुन जरूरी छ । (वरिष्ठ अधिवक्ता देवकोटा संविधानसभाका सदस्य हुन् ।) अनलाईन खबरबाट सभार

# २० वर्ष कैद तोकिएका फरार प्रतिवादी पक्राउ

विराटनगर । कर्तव्य ज्यान मुद्धा २० वर्ष सजाइ पाएका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

सम्मानित मोरङ जिल्ला अदालतको २०७३ चैत २७ गतेको फैसलाले २० बर्ष कैद सजाय तोकिएका प्रतिवादी जिल्ला मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. ५ बस्ने बर्ष ४६ को डि.वि.भन्ने डिग बहादुर राईलाई पक्राउ गरेको हो ।

बिगत ९ बर्षदेखि फरार रहेकोमा २०८२ पुस १६ गते जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले लुकिछिपी बसेको अवस्थामा घर वतनबाटै पक्राउ गरिएको थियो ।

आवश्यक कारवाहीको लागि सम्मानित मोरङ जिल्ला अदालतमा बुझाईए प्रहरीले जनाएको छ ।

# उपभोक्तामा प्राधिकरणको कडाई




रोशन पोखरेल

विराटनगर, पुष १८ गते । नेपाल विद्युत प्राधिकरण विराटगर वितरण केन्द्रले प्रथम चौमासिक सम्ममा विद्युत महसुल नबुझाउने २४९ जना उपभोक्ताको लाइन काटेको छ ।

सो अवधिसम्म उपभोक्ताबाट ३ करोड ४६ लाख ७६ हजार ५५१ रुपैयाँ महसुल बक्यौता उठन वाकीँ रहेको नेपाल विद्युत प्राधिकरण विराटनगर वितरण केन्द्रका प्रमुख राम उदगार शाहले जानकारी दिए ।

प्राधिकरणले बक्यौता रकम मध्ये मंसिर मसान्त सम्ममा ग्राहकबाट १ करोड ५८ लाख ४१ हजार ३०० रुपैयाँ किस्ताबन्दी मार्फत असुल गरेको शाहले वताए । साथै प्राधिकरणले बाँकी बक्यौता रहेका उपभोक्ताको लाइन काट्ने प्रक्रिया निरन्तर जारी रहेको र समयमै आफुले बुझाउनुपर्ने विद्युत महशुल प्राधिकरणलाई बुझाउन आग्रह गरेको छ ।

वितरण केन्द्र प्रमुख शाहले समयमै विद्युत महसुल बुझाउन उपभोक्तालाई बारम्वार अनुरोध गरिएको तर अटेर गरेर विद्युत महशुल नबुझाउने ग्राहकको पहिचान गरि लाइन काट्ने कार्यलाई तिव्रता दिएको जानकारी गराए ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।**

जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।
स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : मधुबाबु तिवारी

७ नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग